## प्रस्तावहरु

प्रस्ताव नं.१ - स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको योजना छनौट सम्बन्धमा।

प्रस्ताव नं.२ - तराई मधेश समृद्धि कार्यक्रमका लागि योजना माँग गर्ने सम्बन्धमा।

प्रस्ताव नं.३ - भद्रपुर नगरपालिकाको पहिचान झल्काउने नगर गीत समबन्धमा।

प्रस्ताव नं.४ - भद्रपुर नगरपालिकाको बृहत एकीकृत शहरी विकास योजनामा उल्लेख भएको "पूर्वी क्षेत्रको व्यापारिक द्वार: शान्ति, समृद्धि सहितको भद्रपुर शहर" भन्ने दीर्घकालीन सोचको शब्द संशोधन सम्बन्धमा।

प्रस्ताव नं. ५ - टोल विकास संस्था सम्बन्धमा।

प्रस्ताव नं.६ - भद्रपुर नगरपालिका वडा नं. ८ को नुरी जामा मस्जिदलाई आर्थिक सहयोग सम्बन्धमा।

प्रस्ताव नं.७ - सामुदायिक प्रहरी साझेदारी कार्यक्रम सम्बन्धमा।

प्रस्ताव नं. ८ - मेची नदीको बाँसे पुल सञ्चालन सम्बन्धमा।

प्रस्ताव नं. ९ - निर्माण सम्पन्न भएको मेची नदीको पक्की पुल सञ्चालन सम्बन्धमा।

प्रस्ताव नं.१० - विविध

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमका लागि यस नगर क्षेत्र भित्रका तपसिल अनुसारका योजनाहरु वडागत रुपमा छनौट गरी स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम परामर्श समितिमा पेश गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | वडा | योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | १ | हिमाली चौकदेखि भैसाबारी जाने बाटो निर्माण (वडा नं.१ र ३ को सीमाना) | |
| २ | | आसामे लाइन चन्दुको पसलबाट पूर्व चिया बगान जाने बाटो स्तरोन्नति | |
| ३ | | मानव धर्म विकास भवन निर्माण | |
| ४ | | सामुदायिक सेवा मञ्चको सामुदायिक भवन निर्माण | |
| ५ | २ | पौडेल चौकबाट सुवेदी डाँडा हुँदै गौरीशंकर खानेपानी जाने सडक ड्रेन सहित कालोपत्रे गर्ने | |
| ६ | ३ | चन्द्रभानु विद्यालय छेउमा पर्ने मेजर होलीमा पुल निर्माण | |
| ७ | | १० नं. ब्लक जाने हात्तिमारा सन्थाल बस्ती जाने पैनीमा कलभर्ट निर्माण | |
| ८ | ४ | मन्त्री चौकबाट पूर्ण पुरीको घर हुँदै ज्ञाने चौक जाने बाटो ड्रेन सहित कालोपत्रे गर्ने | |
| ९ | ५ | घोडामारा पैनी नियन्त्रणका लागि तटबन्ध निर्माण तथा नगरपालिका भवन अगाडीबाट मेची नदी जाने बाटो विस्तार | |
| १० | | मेची नदी तटबन्धन | |
| ११ | ६।७ | श्री कृष्ण द्वैपायन विद्याश्रम अगाडीको बाटो ड्रेन सहित कालोपत्रे गर्ने | |

प्रमाणित

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १२ | ७ | भृकुटी मार्ग ड्रेन सहित कालोपत्रे गर्ने | |
| १३ | ८ | मेची क्याम्पस पूर्व घोडामारा पैनीमा तटबन्धन तथा क्याम्पस मोडदेखि किराँत भवन जाने बाटो ड्रेन सहित कालोपत्रे गर्ने | |
| १४ | ९ | पुहाँतुबारीको निराशा बस्तीछेउ तटबन्धन तथा सडक निर्माण (क्षेत्र नं १) | २० लाख |
| १५ | १० | चन्द्रगढी बजारमा रहेको बधशाला वरपर ड्रेन सहित बाटो कालोपत्रे गर्ने (क्षेत्र नं १) | २० लाख |

निर्णय नं. २

प्रस्ताव नं. २ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तराई मधेश समृद्धि कार्यक्रमका लागि मन्त्रालयको चलानी नं.१६ मिति २०७५।०७।०९ को पत्रमा उल्लेख भए अनुसार यस नगरपालिका भित्रका वडाहरुबाट माँग भै आएका योजनाहरु मध्ये तपसिलमा उल्लेखित योजनाहरु छनौट गरी लागत स्टिमेट समेत तयार गरी सम्बन्धित निकायमा पठाउने माँग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. | योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | १ | श्री आ.वि.बाट हिमाली मा.वि. २२ नं. हुँदै वनपथ जोड्ने सडक कालोपत्रे गर्ने | |
| २ | २ | सगरमाथा मा.वि.लाई ८ कोठा भएको साथै यस वडाका अन्य विद्यालयहरुलाई २ कोठा भएको भवन साथै कम्पाउण्ड वाल र गेट निर्माण | |
| ३ | ३ | भद्रपुर ३ को बजार तथा गोले चौकदेखि चन्द्रभानु स्कुल छुने दक्षिण बाटो निर्माण पुल सहित | |
| ४ | ४ | मायालु वन पूर्व फागु चौकबाट करेला चौक हुँदै पाँचकठ्ठेसम्मको बाटो स्तरोन्नति | |
| ५ | ५ | मेची नदी तटबन्धन देवी बस्तीछेउदेखि शान्ती टोलसम्म | |
| ६ | ६ | झिलमिलिया पैनी तटबन्धन संगम चौकदेखि मेचीनदीसम्म | |
| ७ | ७ | देउनीया पुल संरक्षण तथा तटबन्धन | |
| ८ | | लोकनाथ भट्टराईको घरछेउदेखि जीवन सुब्बाको घरछेउसम्म जाने बाटो निर्माण | |
| ९ | | रवि थापाको घर अगाडीबाट पश्चिम दुर्गा देवानको घरसम्म जाने बाटो निर्माण | |
| १० | ८ | स्वीकृति टोलको विष्णु दुलालको घर अगाडीबाट हस्पीटल जाने बाटो निर्माण | |
| ११ | ९ | लक्ष्मी चौक पूर्व पुष्पलाल मार्ग (बसन्त मार्ग) निर्माण | |
| १२ | १० | वीरेन्द्र नमूना क्याम्पस भवन निर्माण | |

निर्णय नं. ३

प्रस्ताव नं. ३ उपर छलफल गर्दा मिति २०७५।०७।१९ गते बसेको कार्यपालिकाको बैठकबाट पारित भएको नगरपालिकाको पहिचान झल्काउने गोविन्द रपालले रचना गर्नु भएको तपसिलमा उल्लेखित नगर गीतलाई संगीतबद्ध गरी अडियो भिडियो सहितको वृत्तचित्र यू-टुब लगायत अन्य सञ्जालहरुबाट प्रसार प्रचार गर्ने निर्णय गरियो ।

तपसिल

## हाम्रो भद्रपुर

(सुन्दर शान्त हरियाली छ हाम्रो भद्रपुर
विविधतामा एकता छ राम्रो भद्रपुर).......................२

(चन्द्रगढी महेशपुर पृथ्वीनगर
यिनै ठाउँले बनेको छ सुन्दर नगर).........................२
देउनिया हँडिया मेचीसँगै सुसाउँदै बग्छ
हुलाकी र मेची मार्ग (यहि भएर जान्छ).................2

(कचनकवल, हल्दिबारी, बिर्ता, मेचीनगर
पूर्व भारत सिमाना छ बंगाल बिहार)................२
सदरमुकाम औद्योगिक बजार, पुरानो राम्रो नगर
मेची पारि तरकारी बारी घुमाउने हाम्रो रहर).........2

(किचकवध र चन्द्रगढ आउँछन् इतिहासमा
साकेला, च्याब्रुङ्ग डम्फु बज्छ कमलधापको डाँडामा).................२
सन्थाल, मेचे, राजवंशी, अनेक भेष संस्कृति
रमाउने आँगन एउटै हाम्रो, (थरिथरि जातजाती)................2

(साल, सिसौ, कलवलवृक्ष सामुदायिक सिमसार वन
धानको बाला चियाखेतीले दंग हुन्छ हाम्रो मन)......................२
हराभरा अन्नबाली कृषि चारैतिर
परिश्रमी सिर्जनशील छौ, (हाम्रो उच्च शीर).....................२

सुन्दर शान्त हरियाली छ हाम्रो भद्रपुर
विविधतामा एकता छ राम्रो भद्रपुर
विविधतामा एकता छ...........

प्रमाणित
२०७५।०७।२०

नि. प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिकाको भद्रपुर नगरपालिकाको बृहत एकीकृत शहरी विकास योजनामा उल्लेख भएको "पूर्वी क्षेत्रको व्यापारिक द्वार: शान्ति, समृद्धि सहितको भद्रपुर शहर" भन्ने दीर्घकालीन सोचमा लेखिएको "भद्रपुर शहर"को स्थानमा "भद्रपुर नगर" भनी शब्द संशोधन गरी उक्त प्रतिवेदनमा समेत संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं.५

प्रस्ताव नं.५ माथि छलफल गर्दा यस नगरपालिकाको सबै वडाहरुमा गठन भएका टोल विकास संस्थाहरुको गठन भएको समयावधि पुगेका र निस्कृय रहेका टोल विकास संस्थाहरु वडा समितिहरु मार्फत पुनर्गठन गरी सक्रिय गर्ने निर्णय गरियो ।

निर्णय नं.६

प्रस्ताव नं.६ माथि छलफल गर्दा भद्रपुर नगरपालिका वडा नं. ८ को नुरी जामा मस्जिदले मोहमद जयन्ती कार्यक्रम सञ्चालन गर्न आर्थिक सहयोग माँग गरेकोमा उक्त कार्यक्रमका लागि सम्बन्धित वडा समितिको सिलिङ्गबाट रु.१०,०००।०० (रु. दश हजार) र नगरपालिकाले पिछडा तथा मुस्लिम वर्गको धार्मिक तथा संस्कृति जगेर्ना कार्यक्रममा विनियोजन गरेको बजेट मध्येबाट रु.२०,०००।०० (रु. बीस हजार) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं.७ उपर छलफल गर्दा नेपाल प्रहरी प्रधान कार्यालयबाट सञ्चालनमा ल्याइएको सामुदायिक प्रहरी साझेदारी कार्यक्रमको MoU मा उल्लेखित केही प्रावधानहरुलाई तपसिलमा उल्लेख भए अनुरुप संशोधन गर्न सुझाव पेश गर्ने र संशोधित MoU अनुरुप यस नगरपालिकामा लागु गर्ने निर्णय गर्दै भद्रपुर नगरपालिका र नेपाल प्रहरी बिच MoU मा हस्ताक्षर गर्ने निर्णय गरियो ।

तपसिल

१. नगर स्तरीय समितिमाः सह संयोजक पदमा २ जना रहने व्यवस्थामा नगर उपप्रमुखलाई वरिष्ठ सह संयोजकको रुपमा राख्नु पर्ने र समितिको कार्यालय नगरपालिकामा रहनु पर्ने ।

२. वडा स्तरीय समितिमाः वडा सामुदायिक प्रहरी र हरेक वडामा वडा प्रहरी सञ्जाल नभएको हुँदा प्रतिनिधित्व व्यवस्थापन स्पष्ट नहुने ।

३. अनुगमन तथा मूल्याङ्कनमाः नगरपालिका वा वडा समितिको वार्षिक रुपमा मूल्याङ्कन, विश्लेषण र सुझावहरुको उपयोग गरी भावी रणनीति तथा कार्यक्रमहरु तयार पार्नु पर्ने ।

४. आकस्मिक नम्बरहरु उल्लेख भएका स्थानहरुमा स्थानीय स्तरमा सकृय नेपाल रेडक्रस सोसाइटी, एम्बुलेन्स र दमकल जस्ता संस्थाहरुको टेलिफोन नम्बरहरु उल्लेख गरिनु पर्ने ।

५. पाठ्यक्रम र श्रव्यदृष्य सामग्री तयारी पुनरावलोकन गर्दा स्थानीय तहरुमा गठित सामुदायिक प्रहरी साझेदारी कार्यक्रम समितिहरुको राय, सल्लाह, सुझावलाई समेत ध्यानमा राखेर गरिनु पर्ने ।

निर्णय नं.८

प्रस्ताव नं.८ उपर छलफल गर्दा छठ पूजामा श्रद्धालु भक्तजनको सहजताका लागि मेची नदीमा निर्माण गरिएको अस्थायी बाँसे पुललाई सो पूजा पछि समेत सञ्चालन गरी नगरवासीहरुलाई यातायातमा सहजता ल्याउन उक्त पूललाई सामुदायिक प्रहरी सेवा केन्द्र, भद्रपुरको माँग अनुसार मानिस र साइकल बाहेक अन्य दुइ पाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधनबाट तोकिए बमोजिमको शुल्क लिई सञ्चालन गर्ने र उठेको शुल्कबाट पच्चिस प्रतिशत नगरपालिकामा दाखिला

गर्ने र बाँकी रकमबाट सञ्चालन तथा पुल मर्मत गर्ने गरी नगरपालिकाले तोकेको दर रेटमा सम्झौता गरी उक्त बाँसे पुल सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा भद्रपुर र भारतको सीमामा पर्ने मेची नदीमा निर्माण सम्पन्न भएको पक्की पुल सञ्चालनमा ल्याउन नगरपालिकाबाट पहल हुँदा हालसम्म सञ्चालनमा आउन नसकेकोले आवागमन सहज बनाउन उक्त पुल यथाशिघ्र गर्न सम्बन्धित निकायमा पहलका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

प्रस्ताव नं.१० उपर छलफल गर्दा विविध शिर्षकमा कुनै विषय नभएको हुँदा आजको कार्यपालिका बैठक सौहार्दपूर्ण रुपमा सम्पन्न भयो ।

नि. प्रमुख प्रशासकीय अधिकृत